जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३२ अंक २६३ २०८० साल जेठ ११ गते बिहीबार (25 May 2023 Thursday) मूल्य रु. ५/-

**हावाहुरीबाट बचौं र बचाऔं**

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौंड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

**जनहीतका लागि**

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : वतावरणीय स्वःअनुगमन... ३ पृष्ठमा : छोरी शिक्षा बढाउन र बालविवाह ... ३ पृष्ठमा : मेक्सिकोमा पत्रकारको...

## राज्यले उपेक्षा गरेको भन्दै देशभरीका सहकारी संस्थाहरु आन्दोलनमा



**दैनिक समाचारदाता राजविराज, १० जेठ ।**

सहकारी ऐन तथा नियमावलीमा भएको सहकारी संस्थालाई प्रवर्द्धन गर्ने व्यवस्थालाई बेवास्ता गर्दै चौतर्फी घेराबन्दीमा पारी राज्यले उपेक्षा गरेको भन्दै देशभरीका सहकारी संस्थाहरु आन्दोलनमा उत्रिएका छन् ।

राष्ट्रिय सहकारी माहासंघको नेतृत्वमा सहकारी समस्या सामाधान सहजिकरण कार्यदलले घोषणा गरेको देशब्यापी सहकारी आन्दोलनमा सप्तरीका सहकारी संस्थाहरुले पनि एक्यबद्धता जनाएका छन् ।

पहिलो चरणका आन्दोलनका कार्यक्रम अनुसार सहकारी संस्थाहरुले जेठ ९ गतेदेखि हातमा कालोपट्टी बाँधेर शान्तीपुर्ण बिरोध कार्यक्रमको सुरुवात गरेका छन ।

सप्तरी जिल्लामा राष्ट्रिय सहकारी बैंकका संञ्चालक तथा मधेस प्रदेश संयोजक बिश्वनाथ मण्डलको अग्रसरतामा राजबिराज वरिपरिका सहकारी संस्थाहरुसंग छलफल गरी आन्दोलनको कार्यक्रम अगाडी बढाइएको आइडियल सहकारी संस्थाका अध्यक्ष गणेश कुमार आसले जानकारी दिए ।

सहकारी संस्थालाई सहज बनाउनका लागि सहकारी मैत्री ऐनको परीपालना र कार्यबिधिको कार्यान्वयन गर्न राज्य उदासिन देखिएकोले १३ बुँदे मागपत्रसहित आन्दोलनको सुरुवात भएको सहकारी बैंकका संञ्चालक तथा मधेस प्रदेश संयोजक मण्डलले बताए ।

जेठ २ गते १५ दिनको अल्टीमेटम दिएर सहकारी बिभागका रजिष्टारलाई बुझाइएको १३ बुँदे मागपत्रको कार्यान्वयमा राज्यले कुनैपनि तदारुकता नदेखाएकोले बाध्य भएर आन्दोलनको कार्यक्रम अगाडी बढाइएको गठित कार्यदलका संयोजक ओम देबि मल्लले जानकारी दिए ।

## 'लोककल्याणकारी विज्ञापन रोक्ने सरकारको नीति छैन'

काठमाडौँ, १० जेठ (रासस) ।

सरकारले लोककल्याणकारी विज्ञापन नरोकिने स्पष्ट पारेको छ ।

सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माका सञ्चारविज्ञ नरेन्द्र केसीका अनुसार लोककल्याणकारी विज्ञापन रोक्ने सरकारको नीति नरहेको र नरोकिने प्रतिबद्धता यसअघि नै मन्त्री शर्माले स्पष्ट पारिसक्नुभएको छ ।

नेपाल पत्रकार महासङ्घ उपत्यका प्रदेश समितिले यही जेठ ९ गते बुझाएको ज्ञापनपत्र बुझ्दै विज्ञापन नरोक्ने र नरोकिने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो ।

चालु आर्थिक वर्षको विनियोजन भएको बजेट अपुग भए थप रकमको प्रबन्ध गरिने मन्त्री शर्माले प्रतिबद्धता व्यक्त गर्नुभएको छ । आगामी दिनमा लोककल्याण्कारी विज्ञापन वितरण कार्यक्रम निरन्तर हुने मन्त्री शर्माले स्पष्ट गरिसक्नुभएको सञ्चारविज्ञ केसीले जानकारी दिनुभयो ।

## करेन्ट लागेर घाइते भएका तीन मध्ये एक जनाको उपचारका क्रममा मृत्यु

**दैनिक समाचारदाता राजविराज, १० जेठ ।**

सप्तरीको महादेवा र रुपनी गाउँपालिकामा मंगलबार करेन्ट लागेर घाइते भएका तीन जना मध्ये एकजनाको उपचारका क्रममा मृत्यु भएको छ ।

प्रहरीका अनुसार महादेवा गाउँपालिका वडा नं. ६ ढिक्कली टोल बस्ने २५ वर्षिय जवाहर मण्डललाई आफ्नो घरको जस्ता छाउने क्रममा करेन्ट लागेकोक¶ थियो ।

करेन्ट लागेका जवाहरलाई छुटाउन जाँदा उनका ५१ वर्षिय काका उमेश मण्डल समेत करेन्ट लागेर घाइते भएका छन् । दुबै जनालाई उपचारका लागि राजविराजस्थित छिन्नमस्ता अस्पतालमा भर्ना गरिएकोमा जबाहरलाई चिकित्सकले मृत घोषित गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

यता उमेश मण्डलको उपचार भईरहेको र अवस्था सामान्य रहेको प्रहरीले जनाएको छ ।

यस्तै सोही दिन रुपनी गाउँपालिका ६ बिरेन्द्र बजार बस्ने ३२ वर्षिय कुमार थापा बाँस काट्ने क्रममा करेन्ट लागेर घाइते भएका छन् । उनी आफ्नै बाँस घारीमा बाँस काट्ने क्रममा बाँस बिजुलीको तारमा छुन गई करेन्ट लागेर घाईते भएको प्रहरीले जनाएको छ । उनलाई युनिक अस्पताल रुपनीमा उपचारका लागि भर्ना गरिएको छ ।

## मधेस प्रदेश सरकारका तीन मन्त्रीले लिए शपथ

जनकपुरधाम, १० जेठ (रासस) ।

जनता समाजवादी पार्टी (जसपा) नेतृत्वको मधेस प्रदेश सरकार विस्तार गरिएको छ ।

नेकपा (एमाले) सरकारबाट बाहिरिएको डेढ महिनापछि मंगलबार नेपाली कांग्रेस र नेकपा (एकीकृत समाजवादी)सहित सरकार विस्तार गरिएको हो ।

मुख्यमन्त्री सरोजकुमार यादवको सिफारिसमा कांग्रेसबाट प्रदेश संसदीय दलका नेता कृष्ण यादव र वीरेन्द्रप्रसाद सिहं तथा एकीकृत समाजवादीबाट संसदीय दलका नेता गोविन्दबहादुर न्यौपाने सरकारमा नयाँ जिम्मेवारीसहित सहभागी हुनुभयो ।

कांग्रेसका यादव भौतिक पूर्वाधार तथा विकास, सिंह स्वास्थ्य तथा जनसङ्ख्या र समाजवादीका न्यौपानेलाई भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको जिम्मेवारी दिइएको छ ।

मंगलबार मधेश भवनमा आयोजित एक विशेष समारोहमा प्रदेश प्रमुख हरिशङ्कर मिश्रसमक्ष तीनै जना मन्त्रीले पद तथा गोपनीयताको शपथ लिनुभयो ।

केन्द्रमा सत्ता गठबन्धन फेरबदल भएसँगै गत चैत २१ गते नेकपा (एमाले) मधेश प्रदेश सरकारबाट बाहिरिएको थियो । मधेस-प्रदेश सरकारमा सहभागी एमालेका चार मन्त्री र एक राज्यमन्त्रीसहित पाँच जनाले मुख्यमन्त्री यादवसमक्ष सामूहिक राजीनामा दिनुभएको थियो । एक मन्त्री पाउने सहमति भए पनि लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) सरकारमा सहभागी भएको छैन ।

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म ब्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**हनुमाननगर कंकालिनी नगरपालिका, सप्तरी**

# शरणार्थी प्रकरण : २२ जिल्लामा शान्ति समाजको धर्ना

काठमाडौं, १० जेठ (रासस) ।

मानवअधिकार तथा शान्ति समाजले नक्कली भुटानी शरणार्थी प्रकरणका मुख्य दोषीलाई कारबाहीको माग गर्दै २२ जिल्लामा ४६ वटा धर्ना गरेको छ । यस क्रममा प्रधानमन्त्री पुष्पकमल दाहाललाई लेखिएको ज्ञापनपत्र प्रमुख जिल्ला अधिकारीमार्फत् धर्ना दिइएका जिल्लाबाटै बुझाइएको कार्यबाहक सभापति कृष्णबहादुर रावलले राससलाई जानकारी दिनुभयो ।

तीन बुँदे ज्ञापनपत्रमा नक्कली भुटानी शरणार्थी प्रकरणमा सरकारी कार्यदल गठनको नियतदेखि चलखेलसम्मका सम्पूर्ण फेहरिस्तको सुक्ष्म अध्ययन/अनुसन्धान गरी दोषी प्रमुख दलका शीर्ष नेतासहित जो कोही भए पनि कानुनसम्मत कारबाही गर्न ज्ञापनपत्रमा आग्रह गरिएको उहाँले बताउनुभयो ।

सुशासन, पारदर्शीता र जवाफदेहिता सुनिश्चित गर्न तीनै तहको सरकारलाई आग्रह गर्दै विभिन्न कार्यक्रम आयोजना गरी उक्त समाजले १६औं गणतन्त्र दिवस मनाउने भएको छ । लोकतान्त्रिक गणतन्त्र स्थापनार्थ योगदान पुर्‍याएको उक्त समाजले प्रत्येक वर्ष जेठ १५ गते गणतन्त्र दिवसलाई उत्सवका रूपमा मनाउँदै आएको छ ।

उक्त समाजले सप्ताहव्यापी कार्यक्रम आयोजना गरी आफ्नो २८औं स्थापना दिवस पनि मनाउने भएको छ । विसं २०५३ जेठ १९ गते दिगो शान्ति एवं मानव अधिकारका क्षेत्रमा काम गर्ने मुख्य उद्देश्य लिएर शान्ति समाज स्थापना गरिएको थियो ।

# नक्कली भूटानी शरणार्थी प्रकरणमा ३० जनाविरुद्ध मुद्दा दर्ता

काठमाडौं, १० जेठ (रासस) ।

सरकारी वकिल कार्यालयले नक्कली भूटानी शरणार्थी प्रकरणमा जिल्ला अदालत काठमाडौंमा मुद्दा दर्ता गरेको छ ।

उक्त प्रकरणमा सरकारी वकिल कार्यालयले ३० जनाविरुद्ध मुद्दा दायर गरेको छ । तीमध्ये १६ पक्राउ परेका छन् भने १४ जना फरार रहेका छन् । मुद्दा दर्ता गरेपछि जिल्ला न्यायाधिवक्ता महेशप्रसाद खत्रीले भन्नुभयो, "३० जनाविरुद्ध मुद्दा दर्ता भएको र १६ जना पक्राउ परिसकेका छन्, फरार रहेका १४ जनाको हकमा अदालतबाट म्यादपूर्जी जारी गरेर खोजिन्छ र उनीहरुको सम्पत्ति रोक्का हुन्छ ।" अदालतमा अब प्रारम्भिक चरणमा बयान हुन्छ । त्यसपछि थुनछेक बहस हुन्छ ।

दर्ता गरिएको मुद्दामा निजहरूविरुद्ध राज्यविरुद्धको कसुर, सङ्गठित अपराध र एकीकृत कसुरसमेत मागदाबी गरिएको छ । सार्वजनिक पदधारण गरिएको व्यक्तिको हकमा भ्रष्टाचार र सम्पत्ति शुद्धीकरणसमेत गरिनेछ ।

जिल्ला न्यायाधिवक्ता खत्रीका अनुसार निजहरूविरुद्ध रु २७ करोडभन्दा बढीको बिगो रहेको छ भने कैद सजाय ठगी र किर्तेमा सात वर्ष कैद, राज्यविरुद्धको कसुरमा पाँच वर्ष कैद र जरिवाना पनि छ । सङ्गठित र एकीकृत कसुरमा कानूनअनुसार गरिनेछ ।

# वतावरणीय स्वःअनुगमन प्रतिवेदन बुझाउँदै उद्योगहरू

काठमाडौं, १० जेठ (रासस) ।

सरकारले वातावरण संरक्षण ऐन तथा नियमावलीमा भएको व्यवस्थाबमोजिम सूचना जारी गरेपछि उद्योग, प्रतिष्ठान एवं आयोजनाहरूले धमाधम वातावरणीय स्वःअनुगमनसम्बन्धी प्रतिवेदन बुझाउन थालेका छन् ।

कानुनी प्रावधानअनुसार चालु आर्थिक वर्षको नौ महिनामा २५ उद्योग, प्रतिष्ठान एवं आयोजनाले वातावरणीय स्वःअनुगमनसम्बन्धी प्रतिवेदन बुझाएका वन तथा वातावरण मन्त्रालयअन्तर्गतको वातावरण विभागले जनाएको छ । विभागले गत चैत ५ गते स्वःअनुगमन प्रतिवेदन पेस गर्ने सम्बन्धी जरुरी सूचना सार्वजनिक गरेको विभागका निमित्त महानिर्देशक तारादत्त भट्टले राससलाई जानकारी दिनुभयो ।

वातावरण संरक्षण ऐन, २०७६ को दफा १५ मा वातावरण विभागले नेपाल सरकारले लागू गरेका वातावरणीय मापदण्ड पालनाको सम्बन्धमा अनुगमन तथा मूल्याङ्कन गर्ने प्रावधान छ । यसैगरी वातावरण संरक्षण नियमावली, २०७७ को नियम ४५ मा प्रस्तावकले प्रस्तावको निर्माण तथा सञ्चालन गर्ने चरणमा सोबाट वातावरणमा परेको प्रभावको विषयमा प्रत्येक छ महिनामा स्वःअनुगमन गरी सोको प्रतिवेदन विभागमा पेस गर्ने कानुनी व्यवस्था छ ।

विभागले देशभर रहेका उद्योग, प्रतिष्ठान एवं आयोजनाले वातावरण संरक्षण नियमावलीको नियम ४५ मा भएको व्यवस्थाअनुसार स्वःअनुगमन गरी विभागमा अनिवार्य प्रतिवेदन पेस गर्न सूचित गरेको छ । स्वःअनुगमन गरी प्रतिवेदन पेस नगरेमा प्रचलित कानुनबमोजिम कारबाही हुने निमित्त महानिर्देशक भट्टले बताउनुभयो ।

यस अवधिमा हालसम्म दोर्दी जलविद्युत् आयोजना (१२ मेगावाट), नुप्चे लिखु जलविद्युत् आयोजना, सिजी फुड्स नेपाल प्रालि माथिल्लो मैलुङ खोला जलविद्युत् लिमिटेड, युनाइटेड सिमेन्टस प्रालि, सोल्टी होटल लिमिटेड, सौरभ खाद्य उत्पादन प्रालि, नेपाल मेडिकल कलेज प्रालि शिक्षण अस्पताल, एमटेक मेड प्रालि, हुलास स्टील उद्योग लिमिटेड, औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड, तनहुँ जलविद्युत् लिमिटेड, एसआर ड्रग ल्याबोरोटरी प्रालिले प्रतिवेदन बुझाइसकेका छन् ।

यस्तै, लाइभ फर्मास्युटीकल प्रालि, सूर्य निवास रेसिडेन्सियल अपार्टमेन्ट र लिफ रिड्राइङ प्लान्ट, म्यागनस फर्मा प्रालि, पशुपति आइरन एण्ड स्टिल प्रालि, दोर्दीखोला जलविद्युत् आयोजना (२७ मे.वा.), हिमगिरी हाईजिन प्रालि, न्यू होप एग्रो बिजिनेस नेपाल प्रालि, ग्रान्डी अन्तर्राष्ट्रिय अस्पताल, माथिल्लो मर्स्याङ्दी 'ए' जलविद्युत् आयोजना, टाइगर वान प्रालि, माई जलविद्युत् आयोजना १३२ केभि प्रशारण लाईन, माई जलविद्युत् आयोजनाले वातावरणीय स्वःअनुगमनसम्बन्धी प्रतिवेदन बुझाएका छन् ।

कतिपय उद्योग, प्रतिष्ठान एवम् आयोजनाबाट अझैसम्म पनि स्वःअनुगमन प्रतिवेदन प्राप्त हुन् नसकेको भन्दै विभागले यही जेठ २ गते पुनः सोही सूचना जारी गरी स्वःअनुगमन गरेर प्रतिवेदन बुझाउन निर्देशन गरेको थियो । स्वःअनुगमन प्रतिवेदन नबुझाउने उद्योग प्रतिष्ठान/आयोजनालाई प्रचलित कानुनबमोजिम कारबाही हुने र उद्योग/प्रतिष्ठान/आयोजनाको नाम सार्वजनिक रूपमा प्रकाशित गरिने विभागले जनाएको छ ।

# काठमाडौंमा बैंकिङ कसुर र आर्थिक अपराधमा धेरै मुद्दा दर्ता

काठमाडौं, १० जेठ (रासस) ।

मुलुकको सङ्घीय राजधानी काठमाडौंमा बैंकिङ कसुर र आर्थिक अपराधमा पाँच हजार तीन सय १२ मुद्दा दर्ता भएका छन् । जिल्ला प्रहरी परिसर काठमाडौंका अनुसार चालु आर्थिक वर्षमा काठमाडौंमा आर्थिक अपराध र बैंकिङ कसुरमा सबैभन्दा बढी मुद्दा दर्ता भएका हुन् ।

परिसरका प्रवक्ता एवं प्रहरी उपरीक्षक सीताराम रिजालले चालु आवमा काठमाडौंमा दर्ता भएका नौ हजार दुई सय ५६ मुद्दामध्ये आधाभन्दा बढी मुद्दा बैंकिङ कसुर र आर्थिक अपराधका रहेको जानकारी दिनुभयो । "पछिल्लो समय बैंकिङ कसुर र आर्थिक अपराधअन्तर्गत 'चेक बाउन्स', डलर साटिदिन्छु, चिठ्ठा पारिदिन्छु, राम्रो रोजगारीमा विदेश पठाइदिन्छु भनी आर्थिक ठगी गर्ने प्रवृत्ति बढेको छ", उहाँले भन्नुभयो ।

परिसरका प्रमुख, प्रहरी वरिष्ठ उपरीक्षक दानबहादुर कार्कीले दैनिक बैंकिङ कसुर र आर्थिक अपराधसम्बन्धी ३५ देखि ४० मुद्दा परिसरमा दर्ता हुने गरेको बताउनुभयो । पछिल्लो समय काठमाडौंमा बैंकिङ कसुर र सङ्गठित तथा आर्थिक अपराधका घटनामा वृद्धि भएको उहाँको भनाइ छ ।

परिसरका अनुसार बैंकिङ कसुर र आर्थिक अपराधबाहेक चालु आवमा अभद्र व्यवहारसम्बन्धी दुई हजार आठ, विविध अपराध पाँच सय ७५, चोरीसम्बन्धी कसुर चार सय ४५, लागुऔषध दुई सय ६७, महिला तथा बालबालिकासम्बन्धी कसुर दुई सय ५७, आत्महत्यासम्बन्धी कसुर दुई सय ३१, सवारी ज्यान तथा अङ्गभङ्गसम्बन्धी कसुर एक सय ४१ र कर्तव्य ज्यानमा २० मुद्दा दर्ता भएका छन् ।

परिसरमा गत आवमा बैंकिङ कसुर तथा आर्थिक अपराधसम्बन्धी कसुरमा चार हजार तीन सय ४३ मुद्दा दर्ता भएका थिए ।

# मानव विकास सूचकाङ्कमा पछाडि परेको प्रदेशलाई बजेटमा प्राथमिकता दिइन्छ : प्रधानमन्त्री

काठमाडौं, १० जेठ (रासस) ।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले मानव विकास सूचकाङ्कमा पछाडि परेका कर्णाली, सुदूरपश्चिम र मधेश प्रदेशलाई केन्द्रमा राखेर नै आगामी आर्थिक वर्षको बजेट विनियोजन गरिने जानकारी दिनुभएको छ ।

प्रधानमन्त्री निवास बालुवाटारमा बुधबार सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहलगायतको प्रतिमण्डलसँगको भेटमा उहाँले ती प्रदेशको समग्र विकासमा आगामी आवको बजेटमा प्राथमिकतामा राखिने बताउनुभयो ।

सो अवसरमा प्रतिनिधि मण्डलले प्रदेशको समग्र आर्थिक अवस्था, विकास निर्माणलगायतका कामका बारेमा प्रधानमन्त्रीलाई जानकारी गराउँदै बजेट विनियोजनमा विशेष प्राथमिकता दिन आग्रह गरेको थियो । प्रधानमन्त्री प्रचण्डले सुदूरपश्चिमलाई नै केन्द्रीत गरेर नीति तथा कार्यक्रममा पनि केही विशेष व्यवस्था गरेको र बजेटमासमेत प्राथमिकतामा राखेको जानकारी दिनुभएको प्रधानमन्त्रीका प्रेस सल्लाहकार गोविन्द आचार्यले जानकारी दिनुभयो ।

चालु आवको समानीकरण अनुदानको रकम कटौती भएका विषयमासमेत मुख्यमन्त्री शाह नेतृत्वको प्रतिनिधिमण्डलले प्रधानमन्त्रीको ध्यानाकर्षण गराएको थियो ।

मुख्यमन्त्री शाह नेतृत्व प्रतिनिधिमण्डलले मङ्गलबार राष्ट्रिय योजना आयोगका उपाध्यक्ष मीनबहादुर श्रेष्ठ र अर्थमन्त्री डा प्रकाशशरण महतलगायतसँग भेटवार्ता गरेको थियो ।

# सुनसरीमा मिटरब्याजीविरुद्ध दुई सय ४९को उजुरी

इनरुवा, १० जेठ (रासस) ।

सुनसरी जिल्ला प्रशासन कार्यालयमा मिटरब्याजीविरुद्ध दुई सय ४९ जनाले उजुरी दर्ता गराएका छन् ।

सरकारले मिटरब्याजीविरुद्ध उजुरी दिन आह्वान गरेसँगै दुई सय ४९ जनाले उजुरी दिएको प्रमुख जिल्ला अधिकारी हुमकला पाण्डेले जानकारी दिनुभयो । वैशाख १७ गते उजुरी आह्वान गरिएकामा जेठ ८ गतेसम्ममा दुई सय ४९ मिटरब्याजी पीडितले उजुरी दिएका उहाँको भनाइ थियो ।

प्रशासनले जारी गरेको सूचनामा मिटरब्याजीले गरेको ठगी र शोषणविरुद्ध सम्बन्धभएसम्म आ-आफ्ना बढी तथ्य प्रमाणसहित उजुरी दर्ता गर्न भनिएकामा समयसीमाभित्र दुई सय ४९ जनाको उजुरी दर्ता भएको आएको प्रजिअ पाण्डेले जानकारी दिनुभयो ।

सूचना जारी भएपछि

*बाँकी तीन पृष्ठमा*


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# छोरी शिक्षा बढाउन र बालविवाह रोक्न पुरस्कार

महोत्तरी, १० जेठ (रासस)।
छोरी शिक्षालाई बल पुऱ्याउन र बालविवाह रोक्न मटिहानी नगरपालिकाले विशेष कार्यक्रम सुरु गरेको छ। विद्यालय र क्याम्पसमा पढ्नदेखि नै छोरीको सङ्ख्या बढाउन र छोरीको बालविवाह रोक्न विशेष कार्यक्रम सुरु गरिएको नगर कार्यपालिकाको कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखाले जनाएको छ।

विद्यालय भर्ना र कक्षा बढ्दै जाँदा छोरी घट्दै जाने तथा २० वर्ष नपुग्दै किशोरावस्थामै विवाह हुने पाइएपछि यो अवस्था सुधार्न विशेष कार्यक्रम ल्याइएको शाखाप्रमुख दीपा दासको भनाइ छ।

"छोरी शिक्षालाई बल दिनेगरी यसअघि पनि कक्षा ८ देखि १२ सम्मका छात्रालाई साइकल, शैक्षिक सामग्री र पोसाक दिइँदै आइएको हो", शाखाप्रमुख दास भन्नुहुन्छ, "अब परिवार, समाजका अङ्ग र धार्मिक व्यक्तित्वलाई पनि यस अभियानमा सरिक गराइँदैछ।"

नयाँ कार्यक्रमअन्तर्गत छोरी पढाउन क्याम्पस पठाउने अभिभावकलाई सम्मान गर्ने, बस्तीबस्तीमा बाबुआमा र छोरीहरूबीच पढाइ तथा विवाहका कुरामा अन्तरक्रिया गराउने, बालविवाह निस्तेज गर्न धार्मिक परम्पराका पण्डित, पुरोहित, मोल्वी र अभिभावकबीच छलफल गराउने तथा २० वर्ष मुनिको विवाह धार्मिक दृष्टिले पनि उचित नरहेको सन्देश प्रसारित गर्ने रहेका छन्।

यसैगरी, उमेर पुगेर (२० वर्ष नघाएर) छोरीको विवाह गर्ने अभिभावकलाई सामाजिक सम्मानका कार्यक्रम राखिएको शाखाप्रमुख दासले बताउनुभयो। नगरका धेरैजसो बस्ती भारतसँग जोडिएका हुँदा भारततर्फका पण्डित, पुरोहित, मोल्वी र उताका सामाजिक सङ्घसंस्थाका प्रतिनिधिलाई पनि कार्यक्रममा सरिक गराइने जनाइएको छ। यता नेपाल/भारतका बस्तीमा बाक्लै बिहेवारी सम्बन्ध हुँदै आएका छन्।

धानुक, केवट, यादव सहितका जनजाति, खत्वे, चमार लगायतका दलित र सघन मुस्लिम बसोबासको नगर क्षेत्रमा सामाजिक तथा शैक्षिक चेतनाको कमीले छोरी शिक्षा र उमेर पुगेर विवाह गर्ने पक्ष अत्यन्त कमजोर बनेको शाखाको ठम्याइ छ।

"हामीले पछिल्ला दुई वर्षको पारिवारिक सर्वे गर्दा २० वर्ष मुनिमै छोरी विवाहका आठ सय घटना पायौँ", दासले भन्नुभयो, "यो कहालिलाग्दो अवस्था चिर्न नगरका जनप्रतिनिधि बीचको सम्मतिबाट जनजनले देख्ने, बुझ्ने गरी सचेतनामूलक कार्यक्रम सुरु गर्न लागिएका हुन्।" छोराछोरीको वैवाहिक अवस्था हेरिँदा बालविवाह गरिएका छोरी निकै बढी पाइएका दासको भनाइ छ।

उहाँका अनुसार बहुविवाहका घटना त्यति बढी नदेखिए पनि अनमेल विवाह (केटीको भन्दा निकै बढी उमेर भएका केटा) र छोरी बालविवाहका घटना भने निकै देखिएका छन्। शाखाले छोरी शिक्षालाई उत्प्रेरित गर्ने र बालविवाह निरुत्साहित गर्नेगरी सुरु गर्न लागेका कार्यक्रम नगर कार्यपालिकाको निर्णयानुसार भएको हुँदा यसमा आफूसहित सबै जनप्रतिनिधिको सक्रिय सहभागिता रहने नगरप्रमुख हरिप्रसाद मण्डलको भनाइ छ। छोरी शिक्षालाई बल पुऱ्याउन र बालविवाह निरुत्साहित गर्न थप प्रभावकारी कार्यक्रम पनि बनाइने नगरप्रमुख मण्डलले बताउनुभयो।

# युवा तथा साना व्यवसायी स्वरोजगार कोषद्वारा ऋण चुक्ता गर्न आग्रह

काठमाडौँ, १० जेठ (रासस)।
युवा तथा खेलकुद मन्त्रालय मातहत रहेको युवा तथा साना व्यवसायी स्वरोजगार कोषले थोक कर्जा सम्झौता गरी लिएको ऋण चुक्ता गर्न ७० सहकारीलाई आग्रह गरेको छ।

कोषले बुधबार एक सार्वजनिक सूचना प्रकाशित गरी कोषलाई बुझाउनुपर्ने साँवा, ब्याज र हर्जाना सहितको सम्पूर्ण रकम ३५ दिनभित्र बुझाउन आग्रह गरेको हो। तोकिएको समयमा रकम नबुझाएमा संस्थाका सञ्चालक समिति, लेखा समिति एवम् कर्जा उप-समितिको तीनपुस्ते विवरणसहित रकम असुलीका लागि कालोसूचीमा राख्ने कोषले चेतावनीसमेत दिएको छ।

ऋण चुक्ता गर्नुपर्ने गरी कोषले निकालेको विवरणानुसार सबैभन्दा धेरै कर्णाली प्रदेशका २८ सहकारी रहेका जनाइएको छ। यसैगरी, कोशी प्रदेशका १४, मधेस प्रदेशका ११, बागमतीका १०, लुम्बिनीका चार तथा सुदूरपश्चिम प्रदेशका तीन सहकारी छन्। सात प्रदेशमध्ये गण्डकीमा सञ्चालनमा रहेका सहकारी यो सूचीमा परेका छैनन्। थोक कर्जा तिर्न बाँकी सहकारीमध्ये रकम बुझाइ हिसाब मिलान गर्न बाँकी भएमा कोषको सचिवालयमा आवश्यक भौचरसहित हिसाब मिलान गर्न पनि कोषले अनुरोध गरेको छ।

## राष्ट्रपतिबाट नवनियुक्त मन्त्रीलाई शपथ

काठमाडौँ, १० जेठ (रासस)।
राष्ट्रपति रामचन्द्र पौडेलले नवनियुक्त मन्त्री वीरेन्द्रप्रसाद महतोलाई पद तथा गोपनीयताको शपथ गराउनुभएको छ।

राष्ट्रपति रामचन्द्र पौडेलले राष्ट्रपति भवनमा बुधबार आयोजित विशेष समारोहमा नेपालको संविधानको धारा ८० बमोजिम उहाँलाई पद तथा गोपनीयताको शपथ गराउनुभएको हो।


सोही समारोहमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले नवनियुक्त राज्यमन्त्री प्रमिला कुमारीलाई नेपालको संविधानको धारा ८० बमोजिम पद तथा गोपनीयताको शपथ गराउनुभयो।

प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिले उहाँहरू दुवैलाई मन्त्री र राज्यमन्त्रीमा मङ्गलबार नियुक्त गर्नुभएको थियो। उहाँहरूको नियुक्ति र सपथसँगै वर्तमान मन्त्रिपरिषद्ले पूर्णता पाएको छ।

### *सुनसरीमा ...*

मिटरब्याजको धन्दा सञ्चालन गर्ने गिरोह, व्यक्ति र संस्थाबाट पीडित भएको भन्दै सर्वसाधारणबाट दुई सय ४९ विरुद्ध उजुरी परेकामा दुईजना प्रतिनिधि पनि रहेका छन्। इनरुवा ६ का वडाध्यक्ष सुमन थापा र कोसी-१ का वडाध्यक्ष सोभितनारायण यादवविरुद्ध उजुरी आएको प्रजिअ पाण्डेले बताउनुभयो।

प्राप्त निवेदनमाथि प्रमाणका आधारमा पहिलो चरणमा पक्षबीचमा छलफल गर्ने र त्यसपछि थप समन्वय गरी मुद्दा चलाउने तयारी भइरहेको प्रशासनले जनाएको छ।



श्री जनता माध्यमिक विद्यालय
बसबिट्टी, सप्तरी
Shree Janata Secondry School Basbitti
रुपनी गाउँपालिका वडा नं. ५
(स्थापित - २०१५ साल)

पत्र संख्या : २०७९/०८०
चलानी नं.:

मिति : २०८०।०२।०९

सूचना ! सूचना !! सूचना !!!

विषय : विज्ञापन सम्बन्धमा ।

प्रस्तुत विषयमा यस जनता माध्यमिक विद्यालय बसबिट्टी रुपनी गाउँपालिका ५, सप्तरीको शिक्षक छनौट समितिको मिति २०८०।०२।०९ गतेको निर्णय अनुसार यस विद्यालयमा रिक्त रहेको तपसिल बमोजिमको पद पुर्तिका लागि विज्ञापन गरीएकोले इच्छुक योग्य करार सुचिमा नाम रहेका तथा खुल्ला उम्मेदवारहरुबाट दरखास्त आह्वान गरिएको व्यहोरा अनुरोध छ।

तपसिल

विज्ञापन नं.: ०३२०७९।०८०
पद : प्रा.शि. तृतीय करार
पद सं.: १ (एक)
उमेर : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको
शैक्षिक योग्यता : आई.एड.वा सो सरह उत्तीर्ण गरेको र अध्यापन अनुमति पत्र भएको ।
दरखास्त दस्तुर : रु २५०० ( यस विद्यालयको रा. बा. बैंक च.हि.नं.२१८०१००००१५५५००१ मा जम्मा गरेको भौचर )
छनौट प्रकृया : लिखित र मौखिक
तलब स्केल : नियमानुसार ।
आवेदन दिने मिति : २०८०।०२।०९ गते देखि २०८०।०२।२३ गते सम्म ।
सम्पर्क मिति : २०८०।०२।२४ गते बुधबार ।
पेश गर्नु पर्ने कागजातहरु :
१.शैक्षिक योग्यताको आफैले प्रमाणित गरेको प्रतिलिपि ।
२. नेपाली नागरिकताको प्रतिलिपी ।
३. स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपी ।
४. निरोगिताको सक्कल प्रमाण पत्र ।
५. निवेदन साथ बैंकको सक्कल भौचर ।
६. करार सुचीमा नाम रहेको विवरण शिक्षा तथा समन्वय इकाईबाट प्रमाणित प्रतिलिपी(करार सुचिमा नाम भएका उम्मेदवारहरुको हकमा )।

नोट : शिक्षक सेवा आयोगको करार सुचिमा रहेको उम्मेदवारहरुको दरखास्त पर्न आएमा खुल्लाबाट उम्मेदवार भएकाहरुको परीक्षा दस्तुर फिर्ता गरी उम्मेदवारी स्वतः रद्द हुनेछ ।

श्याम प्रसाद यादव
सदस्य सचिव
शिक्षक छनौट समिति

# विश्व समाचार

## मेक्सिकोमा पत्रकारको गोली हानी हत्या

पुएब्ला, मेक्सिको, १० जेठ (रासस/एएफपी)।
मेक्सिकोको मध्य पुएब्ला क्षेत्रमा मङ्गलबार एक जना पत्रकारको गोली हानी हत्या गरिएको छ। मेक्सिकोको तेहुआकान शहरमा ६९ वर्षीय मार्को ओरेलियो रामिरेजको आफ्नो घरबाट निस्कँदै गर्दा हत्या भएको थियो। उहाँले दशकौंसम्म विभिन्न सञ्चारमाध्यममा काम गर्नुभएको थियो। अभियोजकको कार्यालयले घटनाको अनुसन्धान सुरु गरिएको जनाएको छ। रिपोर्टर्स विदाउट बोर्डर्स (आरएसएफ) को मेक्सिकन शाखाले सरकारी कर्मचारीको रूपमा काम गर्ने रामिरेजले संदिग्ध अपराधीहरूलाई पक्राउ गर्न योगदान पुऱ्याएको बताउनुभयो। उहाँले भन्नुभयो, "आरएसएफले छिटो र पारदर्शी अनुसन्धानको माग गर्दछ।" गैरसरकारी सञ्चार अधिकार समूहले 'हत्या नगरपालिका अधिकारीको रूपमा उहाँको कामसँग सम्बन्धित थियो वा उहाँको पत्रकारिताको अभ्याससँग सम्बन्धित थियो छानबीन गर्न' उभियुक्तलाई कानुनी कारबाहीको दायरामा तत्काल ल्याउन आग्रह गरेको छ। सन् २००० यता मेक्सिकोमा १५० भन्दा बढी पत्रकारको हत्या भइसकेको छ। अधिकांश हत्याका घटनामा सजाय दिइएको छैन।

## द्वन्द्वमा फसेका नागरिकको सुरक्षा गर्ने प्रतिबद्धता पूरा गर्न राष्ट्रसंघ प्रमुखको आग्रह

संयुक्त राष्ट्रसङ्घ, १० जेठ (रासस/सिन्ह्वा)।
संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले द्वन्द्वमा फसेका नागरिकको सुरक्षा गर्ने प्रतिबद्धता पूरा गर्न आग्रह गरेका छन्। महासचिव गुटेरेसले संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्मा सशस्त्र द्वन्द्वमा नागरिकको सुरक्षासम्बन्धी बहसमा भन्नुभयो, "लामो समयदेखि सशस्त्र द्वन्द्वको घातक असर आम नागरिकले भोग्दै आएका छन्। अब हामीले उनीहरूको रक्षा गर्ने आफ्नो वाचा पूरा गर्ने समय आएको छ।"

उहाँलेले युद्धकालमा नागरिकको सुरक्षा गर्ने आफ्नो प्रतिबद्धता पूरा गर्न विश्व असफल भएको उल्लेख गर्दै अन्तर्राष्ट्रिय मानवीय कानुनप्रति अझ बढी सम्मान गर्न आग्रह गर्नुभएको थियो। गत वर्ष जनघनत्व भएका क्षेत्रमा तैनाथ विष्फोटक हतियारका कारण ज्यान गुमाउनेमा ९४ प्रतिशत सर्वसाधारण रहेको राष्ट्र सङ्घको तथ्याङ्क छ।

सन् २०२२ मा विश्वका ११ करोड ७० लाखभन्दा बढी मानिसले तीव्र भोकमरीको सामना गर्नुपरेको थियो, जसको मुख्य कारण युद्ध र असुरक्षा थियो। गुटेरेसले द्वन्द्वले आम नागरिकमा पारेको प्रभावलाई कम गर्नुपर्नेमा जोडदिनुभयो। उहाँले भन्नुभयो, "केही युद्धरत पक्षहरूले बालबालिकाको सुरक्षा गर्न र मानवतावादीहरूलाई खाँचोमा परेका मानिसहरूसम्म पुग्न दिन कदम चालेका छन्। यो सकारात्मक कदम हो। तर अझै यो अपर्याप्त छ।

खाद्य सुरक्षालाई सम्बोधन गर्दै जारी युद्धका बीच युक्रेनबाट खाद्यान्न निर्यात गर्न 'ब्ल्याक सी इनिसियटिभ' जस्ता उपायहरूको साथै रूसी खाद्य र मललाई विश्व बजारमा ल्याउने सम्बन्धी समझदारी पत्रबारे पनि उहाँले उल्लेख गर्नुभयो। गत नोभेम्बरमा, उहाँको पहलमा राज्यहरूले जनघनत्व भएका क्षेत्रहरूमा विस्फोटक हतियारको प्रयोगमा प्रतिबन्ध लगाउने वा निषेध गर्ने राजनीतिक घोषणापत्र पारित गरेका थिए।

"अझैपनि, डरलाग्दो सत्य के छ भने अन्तर्राष्ट्रिय मानवीय कानूनमा निहित प्रतिबद्धताहरू अनुसार विश्वले नागरिकको सुरक्षा गर्ने आफ्नो प्रतिबद्धता पूरा गर्न असफल भइरहेको छ," गुटेरेसले जेनेभा कन्भेन्सनलाई सङ्केत गर्दै भन्नुभयो। "यसको सम्मान सुनिश्चित गर्न हामीलाई कार्य र जवाफदेहिता को आवश्यकता छ। त्यो राजनीतिक इच्छाशक्तिमा भर पर्छ।"

महासचिव ले अन्तर्राष्ट्रिय समुदायलाई द्वन्द्व रोक्न, नागरिकको सुरक्षा गर्न, शान्ति कायम गर्न र युद्धको राजनीतिक समाधान खोज्न जारी प्रयासलाई थप तीव्रता दिन आग्रह गर्नुभयो। उहाँले भन्नुभयो, "जहाँ युद्ध जारी छ, त्यहाँ सबै देशले अन्तर्राष्ट्रिय मानवीय कानूनको पालना गर्नुपर्छ र यस परिषद्का सदस्यहरूको विशेष जिम्मेवारी छ। "यसबाहेक, हतियार निर्यात गर्ने देशहरूले अन्तर्राष्ट्रिय मानवीय कानूनको पालना नगर्ने कुनै पनि पक्षसँग व्यापार गर्न इन्कार गर्नुपर्छ," उहाँले भन्नुभयो।

## 'पीटीआई नेता कुरेशी र चीमा नजरबन्दमा'

इस्लामावाद, १० जेठ (रासस/एएफपी)।
पाकिस्तान तेहरीक-ए-इन्साफ (पीटीआई) का प्रमुख नेता शाह महमुद कुरेशी, जमशेद चीमा र उहाँकी पत्नी मुसरत चीमालाई बुधबार नजरबन्दमा राखिएको छ। पाकिस्तानी समाचार च्यानल एआरवाई न्यूजका अनुसार रावलपिण्डीका आयुक्तले पूर्व प्रधानमन्त्री इमरान खानको पार्टीका नेताहरूलाई नजरबन्दमा राख्न आदेश जारी गर्नुभएको हो। उहाँहरूलाई मेन्टेनेन्स अफ पब्लिक अर्डर (एमपीओ) को दफा ३ अन्तर्गत नजरबन्दमा राखिएको छ। उहाँहरूलाई १५ दिनका लागि नजरबन्दमा राखिएको छ।

पाकिस्तान तेहरीक-ए-इन्साफ (पीटीआई) का उपाध्यक्ष समेत रहेका कुरेशीलाई रावलपिण्डीको अडियाला जेलबाट रिहा भएको केही मिनेटमै पुनः पक्राउ गरिएको पाकिस्तानस्थित जियो न्यूजले जनाएको छ। पार्टी नेता मुसरत जमशेद चीमालाई रिहाईपछि पुनः तुरुन्त गिरफ्तार गरिएको थियो। पक्राउ परेपछि कुरेशीले जेलबाहिर बोल्दै आफू अझै पनि पीटीआईको हिस्सा रहेको र रहिरहने बताउनुभएको थियो।

त्यसपछि पूर्वमन्त्रीलाई प्रहरीले अज्ञात स्थानमा लगेको जिओ न्यूजले जनाएको छ। पार्टीका वरिष्ठ उपाध्यक्ष शिरीन मजारीले पीटीआई छोड्ने र राजनीति छोड्ने घोषणा गरेको केही घण्टापछि उनले पार्टीमा रहने बताउनुभएको हो। उनले आन्दोलन सिर्जना नगर्ने र मजदुरलाई भड्काउने काम नगर्ने प्रतिबद्धता जनाएपछि इस्लामाबाद उच्च अदालतले मङ्गलबार कुरेशीलाई रिहा गर्न आदेश दिएको थियो।

पूर्वप्रधानमन्त्री इमरान खानलाई गत मे ९ मा अल-कादिर ट्रस्ट प्रकरणमा पक्राउ गरेपछि पीटीआईका कार्यकर्ताले हिंसात्मक प्रदर्शन सुरु गरेको २४ घण्टाभित्र इस्लामाबादबाट पक्राउ परेका शीर्ष नेतामध्ये कुरेशी पनि एक हुनुहुन्थ्यो। पञ्जाव र खैबर पख्तुनख्वामा भएको दङ्गा र आगजनीको घटनामा पूर्व विदेशमन्त्रीलाई प्रहरीले पक्राउ गरेको थियो।

# बालबालिकाद्वारा सडक नाटक प्रदर्शन



**दैनिक समाचारदाता राजविराज, १० जेठ ।**

सप्तरीको शम्भुनाथ नगरपालिकाको विभिन्न वडाका टोलहरुमा बालबालिकाहरुले सडक नाटक प्रर्दशन गरेका छन् ।

जनता माध्यमिक विद्यालय रामपुर जमुवा र रामदयाल माध्यमिक विद्यालय सखुवा कचन्दाहाका बालिबालिकाले शम्भुनाथको विभिन्न टोलमा सडक नाटक प्रदर्शन गरेका हुन ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) मधेस प्रदेशको सहयोगमा बैरयाही टोल, मिलन चौक, सदा टोल, शिवचौक, शम्भुनाथ मेलालगायतमा सडक नाटक प्रदर्शन गरे ।

इन्सेकद्वारा विद्यालयमा गठित बालअधिकार सचेतना समूहका बालबालिकालाई सडक नाटकको तालिम दिएपछि उनीहरु स्वयम् बालश्रम, बालविवाह, महिला हिंसा र लागु औषधविरूद्ध सडक नाटक प्रदर्शन गर्न थालेका हुन् । बाल कलाकारहरूले समाजमा महिला हिंसाको स्वरूप, बालश्रम गर्न वाध्य हुने अवस्था, बालविवाह र लागु औषधले पार्ने असर समाबेस गरी सडक नाटक प्रदर्शन गरिरहेका छन् ।

गरिब, दलित समुदायमा शिक्षा र सचेतनाको कमीकै कारण हिंसा बढी हुने गरेको भन्नु हुँदै शम्भुनाथ नगरपालिका १० का पूर्व वडा अध्यक्ष पतिराम सदाले सशक्तिकरण र सचेतनामुलक कार्यक्रमहरू गाउँगाउँमा लैजानु आवश्यक रहेको बताए ।

मानवअधिकार निगरानी समूहका सचिव रामनारायण मण्डलले कलिलो उमेरदेखि नै बालबालिकाकै माध्यमबाट समाजमा रहेको बिकृती एवम् बिसङ्गतीलाई हटाउन खोज्नु बढी लाभदायी भएको बताए । मानवअधिकारको प्रत्याभूतिका लागि सरोकारवाला निकायलाई झक्झकाउन सडक नाटक प्रभावकारी हुने गरेको उनको भनाई थियो ।

सडक नाटकमा शंकर कुमार साह, करिना सरदार, जयप्रकाश दास, रोशनपाल, पशुपति चौधरी, अच्छे सरदार, मिथलेश साह, राजकुमारी मण्डल, सुर्य पाल, काजल मण्डल, प्रितिकाकुमारी चौधरी, श्रवण मण्डल, आशाकुमारी मण्डल, प्रिता चौधरी, सुरज चौधरी, करण चौधरी, हेमन्त चौधरी र सचिदानन्द चौधरी सहभागी थिए ।

# भगवती मन्दिर पोखेरीको मुहार फेरिदै

**दैनिक समाचारदाता राजविराज, १० जेठ ।**

संरक्षण र सम्बद्धर्नको अभावमा राजविराजस्थित भगवती मन्दिर पोखेरीको मुहार फेरिदै छ ।

दुषित र खण्डहर बन्दै गएको धार्मिक एवं साँस्कृति स्थल समेत रहेको राजविराज ७ स्थित यस पोखरीको जिर्णोद्वारका लागि प्रदेश सभासदस्य किरण कुमारी साहले आफ्नो संसदिय विकास कोषको रकम लगानी गरी सौन्दर्यकरण कार्य अगाडी बढाएकी छिन् ।

पोखरीमा आवश्यक सरसफाई, जीर्णोद्धार, पुजाघाट लगायतको अभावले गर्दा छठ पर्व लगायतका विभिन्न धार्मिक कार्यक्रमका अवसरमा पुजा विधि गर्न भक्तजनलाई समस्या हुदै आएको थियो ।

छठ पर्वको अवसरमा सर्वाधिक भीड लाग्ने उक्त ऐतिहासिक पोखरीको संरक्षण, सवर्द्धन र सौन्दर्यकरण गर्न नगरवासीले सुझाएपछी उनले सक्रियता देखाएकी हुन ।

गत १२ बैशाखमा पोखरीको सौन्दर्यकरणको शिलान्यास गरेकी उनले समय मै निर्माण कार्य सम्पन्न गर्ने बताएकी छिन् ।

समय मै काम सकाउनका लागि आफूले पनि निगरानी बढाई रहेको बताउँदै उनले यस पटक उपलब्ध बजेट अनुसार छठि घाट निर्माण कार्यको थालनी गरेर एक भाग सकिने र अगामी आर्थिक वर्षहरुमा उपलब्ध हुने थप बजेट समेतलाई क्रमश: पोखरीको चारैतीर घाट निर्माण कार्य सम्पन्न गराउने लक्ष्य राखेको बताईन ।

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**सुरुङ्गा नगरपालिका, सप्तरी**


## लोकतन्त्रको उपलब्धिको रक्षा गरौं

- विधिको शासन
- नागरिक स्वतन्त्रताको संरक्षण
- सूचनाको हक
- संवैधानिक सरकार
- आवधिक निर्वाचन
- समावेशी सहभागिताको सुनिश्चितता
- बालिग मताधिकार
- अभिव्यक्ति स्वतन्त्रता
- न्यायिक स्वतन्त्रता

यी लोकतन्त्रका विशेषता हुन, यिनको अवलम्बन गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

**डा. कालीप्रसाद यादव**
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

**डा. रिपला आचार्य**
MBBS, MD (BPKIHS) NMC NO. 19992
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६



**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*